ECHO OF HIS CALL

1969 to 2029 REACHING NATIONS ECHO OF HIS CALL SINCE 1969

बोलावटको प्रतिध्वनि

NEPALI

₹ 10/-

India's National Spiritual Newspaper

16 Languages

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Hon. Editor-in-Chief: REV. DR. ANGELINE SELVAKUMARI HENRY

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI YEAR OF OUR LORD JESUS CHRIST, 2026 NOVEMBER No. 11



पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

भजनसंग्रह ४६:१-७

१. परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, सङ्कष्टमा सधैं हाजिर रहने सहायता ।

२. यसकारण हामी डराउनेछैनौं, चाहे पृथ्वी उथलपुथल होस् वा पर्वतहरू समुद्रको गर्भमा खसून्,

३. चाहे समुद्र गर्जोस् र फींज काढोस् र चाहे त्यो उर्लेर आउँदा पर्वतहरू थर्कून् । सेला ।

४. एउटा नदी छ, जसका प्रवाहले परमेश्वरको नगर, अर्थात् सर्वोच्च वास गर्नुहुने पवित्र स्थानलाई हर्षित तुल्याउँछ ।

५. परमेश्वर त्यसभित्र हुनुहुन्छ, त्यो खस्नेछैन । झिसमिसेमै परमेश्वरले त्यसलाई सहायता गर्नुहुनेछ ।

६. जाति-जातिहरूमा कोलाहल छ, राज्यहरू पतन हुन्छन्, उहाँले आफ्नो सोर उचाल्नुहुन्छ, पृथ्वी पग्लन्छ ।

७. सर्वशक्तिमान परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।



तपाईंसंग शरणस्थान छ । पछि नफर्कनुहोस्

YOU HAVE A REFUGE! DON'T LOOK BACK!

बहिनी एन्जलीन



हाम्रो पिता परमेश्वर र हाम्रो प्रभु येशू ख्रीष्टबाट तपाईंलाई अनुग्रह र शान्ति, जसले आफैंलाई हाम्रो पापको निम्ति दिनुभयो र हामीलाई शत्रुका युक्तिहरूबाट छुटाउनुभयो । उहाँ हाम्रो शरण, हाम्रो किल्ला र समस्याको समयमा सदा उपस्थित रहने सहायता हुनुहुन्छ ।

हाम्रो **बोलावटको प्रतिध्वनिको** फैलिएको परिवारको भाग हुनुभएको निम्ति तपाईंलाई अत्यन्तै धन्यवाद । यो पत्रिकाबाट हरेक महिना तपाईंसँग जोडिन पाउने अवसरको निम्ति हामी अत्यन्तै कृतज्ञ छौं ।

यो पत्रिका तपाईंको निम्ति आशिष् भएको छ भने हामी तपाईंबाट सुन्न चाहन्छौं । कृपया तपाईंका गवाहीहरू, विचारहरू र सल्लाहहरू हामीसँग नहिचकिचाइकन बाँड्नुहोला । तपाईंको उत्साह हाम्रो निम्ति अत्यन्तै ठूलो अर्थ राख्छ ।

परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।

परमेश्वरमा सरक्षा, बल र आशाको खोजी

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि

ख्रीष्टियान यूट्युब च्यानल



हरेक दिन २ मिनेट सन्देश

पा. एस. साम सेल्भाराजबाट

अंग्रेजी, हिन्दी भाषामा: बिहान १ बजे

तामिल र तेलगू भाषामा: बिहान २ बजे

र

तामिल र अंग्रेजी भाषामा सन्देश र प्रार्थना

आइतवार बिहान ८:३० बजे र साँझ ६:०० बजे

तपाईं आशिषित हुनुभएको छभने कृपया सम्पर्क गरिदिनुहोला । तपाईंले प्रेम र चासो गर्नुभएकासँग सेयर गरिदिनुहोला ।

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)

Estd. 1969



तपाईंको प्रिय भाइबाट....

तिनीहरूका शर्मको सट्टा मेरा प्रजाले दोबर पाउनेछन् र अनादरको सट्टा तिनीहरू आफ्ना उत्तराधिकारमा रमाउनेछन् । यसैकारण, तिनीहरू आफ्नै देशका दोबर भागका हकदार हुनेछन् र अनन्तको आनन्द तिनीहरूका निम्ति हुनेछ (यशैया ६१:७) ।



Founders

हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline Selvakumari Henry, M.A., M.Sc., M.Ed.

CONTRIBUTING EDITOR
Sis. Andrea Christmas Henry

EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.

EX ADMINISTRATOR
Sis. Jesy Veena Sam

GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.

ADMINISTRATION
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech.(DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

EDITORIAL BOARD
Sis. Sajini Cherian
Rev. Dr. J. John Rajarathnam, B.E.S., B.D., M.Th.
Rev. Dr. K.R. Rajasekaran
Adv. N. Balaji, B.Com., M.L.

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293
Cell : (+91) 98410 71852, 98412 71858

E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org

YOUTUBE CHANNEL
Echo of His Call

प्रिय मित्रहरू,



हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको मीठो नाउँमा अभिवादन ।

बोलावटको प्रतिध्वनिको यो अंक पठ्नुभएको निम्ति तपाईंलाई धन्यवाद । परमेश्वरले तपाईंलाई आशिष् दिनुहुनेछ ।

म तपाईंलाई जानकारी गराउन चाहन्छु कि मेरी प्रिय पत्नी श्रीमती जेसी बिना लामो पक्षेत्रोको रोगपछि २० सेप्टेम्बर २०२६ राति १० बजे महिमामा प्रवेश गरेकी छिन् । विगत ५२ वर्षदेखि तिनी मसँगै हाम्रो प्रभुको सेवा विश्वासयोग्यपूर्वक गरिरहेकी थिइन् । तिनले आफ्नो दौड सफलतापूर्वक पूरा गरेकी छिन् । हामी फेरि तिनलाई चाँडै भेट्नेछौं । मसँग तिनको अर्थपूर्ण जीवनको निम्ति हाम्रो परमेश्वरको प्रशंसा गरौं ।

बोलावटको प्रतिध्वनिका भविष्यका सेवकाइहरू अघि बढाउन हामी छोरी एन्जलीनलाई नियुक्त गरिएको छ ।



Rev. Dr. M. Muthu, Chairman, Bro. Moses (grandson), Pr. Sam, Sis. Andrea & Rev. Angeline



सेप्टेम्बर २६, बिहान ९:३० देखि दिउँसो २:३) सम्म येशूका परिवार - मीठो मेला शीर्षकको अधीनमा हाम्रो मुख्य मण्डली हामीले अनौठो सेवकाइ गरेका थियौं । करिब १० जना पुरुष तथा महिला मेला हुनुभएको थियो । हाम्रो नहेम्याह बाइबल कलेजका प्रधानाध्यापक रेभ. डा. जे. जोन राजाराथम मुख्य व्यक्ति हुनुहुन्थ्यो । नयाँ अभिषेकको साथमा सबै जना वास्तवै आशिषित हुनुभयो ।



हामी तपाईको प्रार्थना र बोलाहटको प्रतिध्वनि सेवकाइसँगै खडा हुनुभएको निम्ति तपाईप्रति धन्यवादी छौं ।

परमेश्वरले तपाईलाई आशिष् देऊन् ।

खीष्ट येशूमा तपाईको सेवक,
पा. एस. साम सेल्भाराज,
इमेल: sam@echoofhiscall.org

पृष्ठ १ बाट

परमेश्वरका नामहरू

बाइबलले परमेश्वरलाई हाम्रो अघि धेरै नामहरू र शीर्षकहरूबाट प्रकट गरेको छ, हरेक नाम र शीर्षकले उहाँको चरित्र, स्वभाव र उहाँका मानिसहरूसँग सम्बन्धको बारेमा प्रकट गरिरहेको छ ।

मलाई विशेष गरी ध्यान तान्ने परमेश्वरको बारेमा एउटा वर्णन यो हो:

उहाँ हाम्रो शरणस्थान हुनुहुन्छ ।

अरू भाषाहरूमा कति वटा भिन्दै अभिव्यक्तिहरू प्रयोग हुन्छन् भनेर मलाई थाहा छैन तर तामिल बाइबलमा शरणस्थानको धारणा सुन्दरतापूर्वक यस्ता शब्दहरूबाट अभिव्यक्त गरिएको छ, जस्तै माराइभिदाम, पुगालिदाम र अदाइकालम - लुक्ने स्थान, शरणको स्थान, सुरक्षाको स्थान र त्यस्तो स्थान, जहाँ हामीलाई पूर्णरूपले छोपिएको र सुरक्षा दिएको ।

शरणस्थान त्यस्तो स्थान हो, जहाँ कुनै पनि व्यक्ति खतरा आउँदा भागेर जान सक्छ - सुरक्षाको स्थान, शरण र आइरहेको विपत्तिबाट बच्ने स्थान ।

अनि हाम्रो परमेश्वरको कस्तो सुन्दर तस्वीर । जब हाम्रो वरिपरि भएका हरेक थोक अनिश्चित देखिन्छ, परमेश्वर नै हाम्रो सुरक्षित स्थान रहनुहुन्छ ।

परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ भन्ने बारेमा बाइबलले के भन्दछ ?

परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ भनेर बाइबलले हामीलाई बारम्बार सम्झना दिलाउँछ

उहाँ मात्र मेरो चट्टान र मेरो उद्धारक हुनुहुन्छ, उहाँ मेरो किल्ला हुनुहुन्छ, म कहिल्यै डग्नेछैन (भजनसंग्रह ६२:२) ।

परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, संकष्टमा सधैं हाजिर रहने सहायता (भजनसंग्रह ४६:१) ।

परमप्रभुको बारेमा म भन्नेछु उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरो परमेश्वर, जसमाथि म भरोसा राख्तछु (भजनसंग्रह ९१:२) ।

हे मानिस हो, सब समय उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्ना मन खोल किनकि परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ (भजनसंग्रह ६२:८) ।

परमप्रभु, असल हुनुहुन्छ, दुःखको समयमा उहाँ नै शरणस्थान हुनुहुन्छ । उहाँमाथि भरोसा राख्नेहरूको उहाँले हेरविचार गर्नुहुन्छ (नहुम १:७) ।

परमप्रभुको नाउँ एक बलियो धरहरा हो, धर्मीहरू त्यहाँ दगुर्दै जान्छन् र सुरक्षित हुन्छन् (हितोपदेश १८:१०) ।

परमेश्वरको हरेक वचन दोषरहित छ । उहाँमा शरण लिनेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ (हितोपदेश ३०:५) ।

कस्तो अचम्मको निश्चयता ।

परमेश्वर प्रष्ट रूपमा त्यस्तो व्यक्ति हुनुहुन्न, जसकहाँ हामी बिरलै फर्कन सक्छौं । सारा समयमा उहाँ हाम्रो शरणस्थान हुनुहुन्छ ।

एउटा व्यक्तिगत प्रश्न

हामीमध्ये कति जनाले इमानदारीपूर्वक भन्न सक्छौं:

उहाँ मेरो शरणस्थान हुनुहुन्छ । उहाँ मात्रै मेरो शरणस्थान हुनुहुन्छ ।

जसै मैले यो सत्यतामा मनन गरें, वास्तवमा हाम्रो शरणस्थानको रूपमा परमेश्वरको कस्तो शक्तिशाली र पुनर्निश्चयताबाट अचम्ममा परेको थिएं ।

यस कुराले मलाई पुरानो करारमा वर्णन गरिएको शरण नगरहरूका बारेमा सम्झना दिलायो । जति धेरै मैले यी नगरहरूका बारेमा अध्ययन गरें, त्यति नै धेरै गहन रूपमा मैले हाम्रो प्रभु येशू खीष्टमा हामीसँग भएको अचम्मको शरणस्थानप्रति कृतज्ञ हुन सुरु गरेको थिएं ।

शरण नगरहरू

जब परमेश्वरले इस्राएलका कुलहरूलाई प्रतिज्ञाको भूमि दिनुभयो, अन्य कुलले जस्तो गरी लेवीका कुलले कुनै क्षेत्र उत्तराधिकारको रूपमा प्राप्त गरेनन् । परमप्रभु आफैं तिनीहरूका उत्तराधिकार हुनुहुन्थ्यो ।

तर लेवीहरूलाई तिमीहरूमध्ये केही भाग हुनेछैन किनकि परमप्रभुको पूजाहारी पद नै तिनीहरूको अधिकार हो... (यहोशू १८:७) ।

तापनि हरेक कुलले लेवीहरूका निम्ति आफ्नो भूमिको केही भाग छुट्याउनुपर्थ्यो । इस्राएलको क्षेत्रभरि सहरहरू तिनीहरूलाई दिइएको थियो । समग्रमा, तिनीहरूले ४८ सहरहरू

प्राप्त गरेका थिए र तीमध्ये छ वटालाई शरण नगरहरूका रूपमा तोकिएको थियो ।

यी छ सहरहरूलाई देशभरि रणनैतिक रूपमा राखिएको थियो ताकि खतरामा भएका जोकोही पनि असम्भव दुरी यात्रा नगरी सजिलै पुग्न सकोस् ।

शरण नगरहरूका उद्देश्य

गन्ती ३५:२२-२८ ले यी नगरहरूका उद्देश्यको बारेमा वर्णन गर्दछ ।

त्यस्ता अवस्थाहरू हुन्थे, जसमा कुनै व्यक्तिले नजानीकन अर्कोको मृत्युको कारण हुन्थ्यो । त्यस्तो अवस्थामा मृत्युको निम्ति जिम्मेवार भएको व्यक्ति रगतको प्रतिशोधबाट बच्नको निम्ति शरण नगरमध्ये कुनै एउटामा भागेर जान सक्थ्यो ।

त्यसपछि समुदायले मृत्युको कारण भएको व्यक्ति र रगतको प्रतिशोधको बीचमा न्यायग गर्दथे ।

मृत्यु दूर्घटनाबाट भएको थियो भनेर निर्धारण गरिन्थ्यो भने सेवा गरिरहेको प्रधानपूजाहारीको मृत्यु नभएसम्म शरण नगरमा त्यो व्यक्ति बस्न सक्थ्यो ।

तापनि, एउटा महत्वपूर्ण शर्त थियो:

त्यो व्यक्ति नगरको सीमाभित्र रहनुपर्थ्यो ।

त्यो व्यक्तिले प्रधानपूजाहारीको मृत्युअघि शरण नगरबाट जानेर नै निस्कन्थ्यो भने ऊ त्यो सुरक्षामुनि हुँदैनथ्यो र रगतको प्रतिशोध लिनेले उसलाई बिना कुनै दोष मार्न सक्थ्यो ।

प्रधानपूजाहारीको मृत्युपछि, त्यो व्यक्ति आफ्नो भूमिमा फर्कन स्वतन्त्र हुन्थ्यो ।

शरणस्थानको बारेमा कस्तो शक्तिशाली तस्वीर ।

शरण नगरहरूबाट हामीले के सिक्न सक्छौं ?

१. यसले सुरक्षा प्रदान गरेको थियो ।

शरण नगरहरूले उपयुक्त न्याय नभएसम्म त्यस्तो व्यक्तिलाई रगतको प्रतिशोधबाट बचाउँथ्यो, जसले नजानीकनै अर्को व्यक्तिको मृत्युको कारण बनेको थियो ।

२. यसले सुरक्षाको स्थान प्रदान गरेको थियो ।

कुनै व्यक्ति दूर्घटनावश कसैको मृत्युको कारण भएको थाहा पाइयो भने ऊ सहरमा सुरक्षामुनि रहन सक्थ्यो ।

३. त्यो पहुँच भएको स्थान थियो ।

छ वटा नगर देशभरि यसको आवश्यक पर्ने सबैलाई पहुँच पुग्ने गरी समान रूपले बाँडिएको थियो ।

४. ती केवल इस्राएलीहरूभन्दा धेरैको निम्ति उपलब्ध थियो ।

ती उपलब्धता केवल इस्राएलीहरूका निम्ति मात्रै फैलिएको थिएन तर विदेशी र तिनीहरूका बीचमा बसोबास गर्ने विदेशीहरूका निम्ति पनि थियो ।

५. सुरक्षामा सीमा थियो ।

यो नगरमा भागेर गएको व्यक्ति यस नगरको सीमाभित्र रहनुपर्थ्यो । नगर छोड्नुको अर्थ सुरक्षाको स्थानलाई छोड्नुथियो ।

६. सुरक्षा प्रधानपूजाहारीको जीवनसँग जोडिएको थियो ।

सेवा गरिरहेका प्रधानपूजाहारीको मृत्यु नभएसम्म ज्यानमारा नगरमा बस्थे । त्यसपछि ऊ आफ्नो उत्तराधिकारमा फर्कन सक्थ्यो ।

दूर्घटनावश भएको मृत्युपछि आफ्नो जीवनको निम्ति भागिरहेको कुनै व्यक्तिको राहतलाई के तपाईंले कल्पना गर्न सक्नुहुन्छ, यो जानेर कि उसले सुरक्षा पाउन सक्ने एउटा नगर थियो ?

शरणका छ नगरहरू ।

परमेश्वरले छ वटा शरण नगरहरू नियुक्त गर्नुभयो, हरेक तीन वटा यर्दन नदीको छेऊमा ।

यर्दनको पश्चिममा

कादेश - उत्तरी क्षेत्रमा नाप्तालीको पहाडी देशमा

सेक्केम - मध्य क्षेत्रमा एफ्राएमको पहाडी देशमा (गालील)

हेब्रोन (किरायत-अर्बा) - दक्षिणी क्षेत्रमा यहूदाको पहाडी देशमा

यर्दनको पूर्वमा

गोलान - उत्तरी क्षेत्रमा, बासान (मनश्शेको कुललाई दिइएको)

गिलादमा रामोत - मध्य क्षेत्रमा, गादको कुलको क्षेत्रमा

बेजेर - प्लाटुमा, रुबेनको क्षेत्रमा, दक्षिणी क्षेत्र

यी नगरहरूलाई जानेर नै त्यस्तो स्थानमा राखिएको थियो ताकि शरण पहुँचभन्दा बाहिर नभएको होस् ।

नयाँ करारमा शरण ।

त्यसो भए, आज विश्वासीहरूको रूपमा हाम्रो निम्ति शरणको यो तस्वीरको अर्थ के हो ?

हाम्रो अन्तिम शरण प्रभु येशू ख्रीष्ट हुनुहुन्छ ।

शरण नगरहरूले पुरानो करारको अधीनमा अस्थायी सुरक्षा प्रदान गरेको थियो । तर प्रभु येशू ख्रीष्टले हामीलाई त्योभन्दा अनन्त ठूलो कुरा प्रदान गर्नुहुन्छ ।

उहाँ दूर्घटनावश मर्नुभएको थिएन ।

हाम्रा पापबाट हामीलाई बचाउन उहाँले स्वेच्छाले आफ्नो जीवन दिनुभयो ।

तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो (रोमी ५:८) ।

प्रभु येशू ख्रीष्टले मृत्युमाथि विजय गर्नुभयो र बौरिउठ्नुभयो ।

अनि अन्तमा जीवनको अन्त्य हुने सांसारिक प्रधान पूजाहारीहरूझैं होइन तर हाम्रो महान् प्रधानपूजाहारी सदा जीवित हुनुहुन्छ ।

त्यसकारण, हाम्रो शरण अस्थायी होइन ।

हाम्रो शरण अनन्त छ ।

रोमी ६:९ ले भन्दछ

हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन । अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन ।

कस्तो महिमित निश्चयता ।

हामी पापी छँदै प्रभु येशू ख्रीष्ट हाम्रो शरण बन्नुभयो - जब हामी परमेश्वरबाट टाढा थियौं र उहाँबाट अलग थियौं ।

बाँकी पृष्ठ ६ मा

महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

प्रशंसा र प्रार्थनाको बुँदाः नोभेम्वर १९ देखि डिसेम्वर १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



✝ परमेश्वरलाई प्रशंसा गरौं...

नोभेम्वर १९: हाम्रा समर्पित बालसंगतिका शिक्षकहरूका निम्ति ।

नोभेम्वर २०: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा भएका बालसंगतिमा धेरै बालबालिकाहरूका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

नोभेम्वर २१: हाम्रो अस्पताल सेवकाइमा परमेश्वरको आश्चर्यकर्मको निम्ति ।

नोभेम्वर २२: हाम्रो **बोलावटको प्रतिध्वनि** पत्रिका सेवकाइलाई सहायता गर्ने समर्पित सहसम्पादकहरू पाएर हामी आशिषित भएको निम्ति ।

नोभेम्वर २३: हाम्रो संस्थामा नयाँ कर्मचारीहरूका साथमा आशिष् दिनुभएको निम्ति ।

नोभेम्वर २४: हाम्रो मण्डलीमा नयाँ विश्वासीहरूका साथमा आशिष् दिनुभएको निम्ति ।

नोभेम्वर २५: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** प्रधानाध्यापक, शिक्षकहरू र अन्य कर्मचारी सदस्यहरूका निम्ति ।

नोभेम्वर २६: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति ।

नोभेम्वर २७ हाम्रा सम्पूर्ण कर्मचारी सदस्यहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

नोभेम्वर २८: हाम्रा नियमित सहयोगीहरू र हाम्रो सेवकाइमा उहाँहरूको सक्रिय संलग्नताको निम्ति ।

नोभेम्वर २९: हाम्रा फिल्ड मिसनरीहरू र उहाँका परिवारहरूका निम्ति ।

नोभेम्वर ३०: हाम्रा मिडिया सेवकाइ (यूट्यूब) का कर्मचारीहरूमाथि आशिष्को निम्ति, सुसमाचार नपुगेको स्थानमा पुग्न हामीलाई सहयता गर्न गर्नुभएको समर्पणताको निम्ति ।

डिसेम्वर १: हाम्रा प्रान्तीय संयोजकहरू र यहाँका परिवारहरूमाथि उहाँको आशिष्को निम्ति ।

डिसेम्वर २: हाम्रा सेवकाइका आवश्यकताहरू पूरा गर्नुभएको निम्ति ।

डिसेम्वर ३: हाम्रा **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** र **नहेम्याह बाइबल कलेजहरूमाथि** उहाँको आशिष्को निम्ति ।

✝ कृपया प्रार्थना गरौं...

डिसेम्वर ४: हाम्रा सिनियर पास्टर र उहाँका परिवारका सदस्यहरूको सुरक्षाको निम्ति ।

डिसेम्वर ५: हाम्रो देशका सम्पूर्ण नागरिक बीच एकताको निम्ति ।

डिसेम्वर ६: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारहरूको हीतको निम्ति ।

डिसेम्वर ७ संसारमा भएका राष्ट्रपतिहरू, प्रधानमन्त्रीहरू र सम्पूर्ण सरकारी अधिकारीहरूको सुरक्षाको निम्ति ।

डिसेम्वर ८: हाम्रो **नहेम्याह बाइबल कलेजहरू र सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति ।

डिसेम्वर ९: मद्यपान गर्नेहरू र लागुपदार्थ दुर्व्यसनीहरूले पश्चात्ताप गरून् ।

डिसेम्वर १०: भारतमा सुसमाचार नपुगेका स्थानहरूमा सुसमाचार फैलनमा परमेश्वरको कृपाको निम्ति ।

डिसेम्वर ११: संसारभरि रहेका सम्पूर्ण मण्डलीहरू र पास्टरहरूमाथि उहाँको प्रशस्त आशिष्को निम्ति ।

डिसेम्वर १२: हाम्रा प्रान्तीय संयोजकहरू र उहाँको परिवारको सुस्वास्थ्य र सुरक्षाको निम्ति ।

डिसेम्वर १३: हाम्रो खीष्टमसको उत्सव र नयाँ वर्ष २०२७ को रात्री सेवाको निम्ति ।

डिसेम्वर १४: संसारका सम्पूर्ण देशहरूका बीचमा इमानदारीताको निम्ति ।

डिसेम्वर १५: संसारभरि रहेका सम्पूर्ण महिला र बालबालिकाको सुरक्षाको निम्ति ।

डिसेम्वर १६: युवाहरूका बीचमा आत्महत्याको आत्मा हटेको होस् ।

डिसेम्वर १७ हाम्रो संस्थाको निम्ति उपयुक्त कर्मचारी भर्ना गर्नको निम्ति ।

डिसेम्वर १८: हाम्रो सेवकाइको बिस्तार र संसारभसिर सुसमाचारको बिस्तारको निम्ति ।

पृष्ठ ४ बाट

तर उहाँले हामीलाई सधैं टाढा राख्ने चाहना गर्नुहुन्न ।

उहाँले हामीलाई नजिक आउन बोलाउनुहुन्छ ।

उहाँले हामीलाई उहाँमाथि पूर्णरूपमा भरोसा गर्न बोलाउनुहुन्छ ।

उहाँलाई हाम्रो बासस्थान, हाम्रो सुरक्षाको स्थान, हाम्रो शक्तिशाली धरहरा र हाम्रो शरणस्थान बनाउन उहाँले हामीलाई बोलाउनुहुन्छ ।

बाइबलले भन्दछ:

परमप्रभुमा भरोसा राख्नेहरू सियो पर्वतझैं छन्, जसलाई हल्लाउन सकिँदैन तर सदासर्वदै स्थिर रहन्छ (भजनसंग्रह १२५:१) ।

अर्को अनुवादले भन्दछ - **हामीले उहाँमा हाम्रो भरोसा राख्छा भने हामी पराजित हुनेछैनौं ।**

प्रिय दाजुभाइ तथा दिदीबहिनी, परमेश्वरलाई तपाईंका अवस्थाहरू थाहा छ। परमप्रभु कस्तो भला हुनुहुन्छ भनेर हेर्न र चाख्न म तपाईंलाई उत्साह दिन्छु ।

जब हाम्रो भरोसा परमेश्वरमा हुन्छ, आँधीहरू आउन सक्छन्, हुरी बेस्सरी चल्न सक्छ र अवस्थाहरू परिवर्तन हुन सक्छ - तर हाम्रो जग स्थिर रहन्छ किनभने हाम्रो शरणस्थान विश्वासयोग्य रहनुहुन्छ ।

वैकल्पिक शरणस्थान: झुटको शरणस्थान

तर बाइबलले हामीलाई अर्को प्रकारको शरणको बारेमा पनि चेतावनी दिन्छ - झुटो शरणस्थान ।

यशैया २८:१५ ले भन्दछ:

...हामीले झुटको शरण लिएका छौं र असत्यतालाई हाम्रो लुक्ने ठाउँ बनाएका छौं ।

परमेश्वरलाई आफ्नो शरणस्थान बनाउनुको साटो मानिसहरूले प्राय: अन्त्यमा तिनीहरूलाई बचाउन नसक्ने थोकहरूमा आफ्नो भरोसा राख्छन् ।

झुटको पिता को हो भनेर हामीलाई थाहा छ ।

अस्थायी, टुट्न सक्ने र अन्तसम्म सुरक्षा प्रदान गर्न असक्षम भएका कुराहरूमा आफ्नो भरोसा राख्न मानिसहरूलाई उत्साह दिँदै शैतानले मानव जातिलाई छल गरेको छ ।

हाम्रो झुटो शरणस्थान बन्न सक्ने केही थोकहरू के हुन् ?

धनसम्पत्ति, प्रसिद्धी, शिक्षा, शक्ति, पद, प्रतिभा, सफलता, सम्बन्ध, भौतिक सम्पत्ति र अन्य धेरै कुराहरू ।

यीमध्ये कुनै पनि थोक आवश्यक रूपमा गलत होइनन् ।

हाम्रो शरणस्थान परमेश्वरलाई बनाउनुको साटो हामीले यी कुराहरूलाई हाम्रो शरणस्थान बनाउँछौं, तब खतरा आउँछ ।

जब कुनै सृष्टि भएको थोकले सृष्टिकर्ताको स्थान लिन्छ, त्यो झुटो शरणस्थान बन्छ ।

त्यो झुटको शरणस्थान बन्दछ । अनि हरेक झुटो शरणस्थान अन्त्यमा असफल हुन्छ ।

यशैया २८:१७-१८ ले हामीलाई स्पष्ट तस्वीर दिन्छ:

असिनाले तिमीहरूको झुटको शरणस्थान बगाएर लैजानेछ र पानीले तिमीहरूको लुक्ने ठाउँ डुबाइदिनेछ । मृत्युसितको तिमीहरूको करार रद्द गरिनेछ र पातालसित गरेको तिमीहरूको सम्झौता स्थिर रहनेछैन ।

झुटमा निर्माण भएको हरेक थोक अन्त्यमा भत्कनेछ ।

तर परमेश्वरलाई प्रशंसा होस् - हामीसँग त्योभन्दा अझ राम्रो छ ।

हामीसँग जीवित मुक्तिदाता हुनुहुन्छ ।

हामीसँग दृढ जग छ ।

हामीसँग कुनेढुङ्गो छ - प्रभु येशू ख्रीष्ट ।

यशैया २८:१६ ले भन्दछ

हेर, मैले सियोनमा एउटा ढुङ्गो बसालेको छु, एउटा जाँचेको ढुङ्गो, दृढ जगको निम्ति एउटा बहुमूल्य कुने-ढुङ्गो । भरोसा गर्नेले कहिल्यै हरेस खानेछैन ।

कस्तो भिन्नता ।

झुटको शरणस्थान भत्कनेछ ।

तर ख्रीष्टमा भएको हाम्रो शरणस्थान कहिल्यै असफल हुँदैन ।

आज हाम्रो शरणस्थान कहाँ वा के छ ?

हामीले बुझ्नुपर्ने केही महत्वपूर्ण कुरा छ ।

शरण नगरमा भागेर गएको व्यक्ति सहरभित्र रहनुपर्छ। ऊ त्यसको सीमाबाट बाहिर जान्छ भने उसले आफैंलाई खतरामा पार्छ ।

त्यसरी नै, विश्वासीहरूका रूपमा हामीले ख्रीष्टमा रहन सिक्नुपर्छ ।

प्रभु येशू ख्रीष्टले भन्नुभयो:

ममा रहो र म तिमीहरूमा रहनेछु... (यूहन्ना १५:४) ।

नहेम्याह सांघिको बाइबल कलेज

भर्नाको लागि छिये गर्नुहोस्। चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ

ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology

माध्यम: तामिल (Part Time) Hindi (Part Time)

योग्यता: दश कक्षा र सोभन्दा माथि

विगत ५७ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

Contact : The Chairman, Nehemiah Bible College.

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.

Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858

E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Children School : 11.00 a.m. Sunday**
18. **Youth Meeting : 11.00 a.m. Sunday**
19. **Elders for Christ Meeting : 11.00 a.m. Sunday**
20. **Fellowship Lunch : 01.00 p.m. Sunday**
21. **Telugu Service : 4.00 p.m. Sunday**
22. **Hindi Service : 5.00 p.m. Sunday**
23. **Tamil & English Service : 6.00 p.m. Sunday**
24. Feedback Time : 8.00 p.m. Sunday
25. Women's Prayer : 5.30 p.m. Wednesday
26. Men's Prayer : 7.00 p.m. Friday
27. Discipleship Meeting : 6.00 p.m. Saturday
28. House Meetings : 6.30 p.m. Tuesday & Thursday
29. Special Holy Communion : 6.00 a.m. 1st day of each month
30. Workers Meeting : 5.30 p.m. First Saturday
31. Parents' Prayer : 4.00 p.m. First Sunday
32. Night Prayer : 9.30 p.m. Third Friday
33. Fasting Prayer : 9:30 a.m. Second Saturday
34. Holy Communion : Second Sunday Service
35. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
36. Staff Devotion : 9.00 a.m. daily
37. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

Account Name	:	**ECHO OF HIS CALL EDUCATIONAL TRUST**
Account Number	:	**1023 2923 805**
Bank Name	:	**STATE BANK OF INDIA**
Branch	:	**TRIPLICANE, CHENNAI - 600 005**
IFSC Code	:	**SBIN 0000249**
SWIFT Code	:	**SBI NIN BB 455**

बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

१. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

२. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/- लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

बिस्तृत जानकारीको लागि:

The Chairman, Nehemiah Bible College,
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।



खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझ्नोस्" (मत्ती २४:१५)।

... म त गरिब र दरिद्र छु। परमप्रभुले मेरो विचार गरून्... (भजनसंग्रह ४०:१७)।

करिब पचास वर्षअघि, एउटा ठूलो जागृति सभा चेन्नाइमा भएको थियो। केही ठूला प्रचारकहरू दक्षिण अफ्रिकाबाट आउनुभएको थियो। परमेश्वरले उहाँहरूद्वारा ठूलो आश्चर्यकर्म गर्नुभयो। ठूलो संख्याका मानिसहरूले आश्चर्यकर्मको साक्षी बने र आफ्नो जीवनमा पहिलो पटक येशू ख्रीष्टको सुसमाचार सुने। मचाहिँ स्वयंसेवक कार्यकर्ताको रूपमा तिनीहरूलाई सहायता गरिरहेको थिएँ।

अन्तिम दिनपछि भेला सम्पन्न भयो, भेला सफलतापूर्वक सम्पन्न गर्न सहायता गर्ने पाहुनाहरू र कर्मचारीहरूको एउटा सानो भेला भयो। अचानक, दक्षिण अफ्रिकाबाट आउनुभएको मुख्य पाहुनाले मलाई बोलाउनुभयो र मेरो बारेमा सोधपुछ गर्नुभयो, जागृति भेलाको समयमा ब्यानरहरू राख्न, नयाँ साथीहरूलाई भेट्न र सहभागीहरूलाई सहायता गर्दा मेरो इमानदारीता र मेहेनतलाई प्रशंसा गर्नुभयो।

उहाँले मलाई अझै सोध्नुभयो कि म कहाँबाट आएँ र भारतबाट उहाँको प्रस्थानको समयमा भोलि बिहान ४ बजे विमानस्थलमा उहाँलाई मैले भेट्न सक्छु कि भनेर मलाई आग्रह गर्नुभयो। बिहान सबेरै विमानस्थलमा पुग्न मेरो निम्ति अत्यन्तै सबेरै हुन्छ भनेर मैले उहाँलाई बताएँ किनभने मसँग पुरानो साइकल थियो, जुन मेरो घरदेखि विमानस्थलसम्म गुडाउन राम्रो अवस्थामा पनि थिएन र मेरो बासस्थानबाट त्यो २५ किलोमिटरभन्दा अझ टाढा थियो।

तुरुन्तै उहाँले वरिपरि हेर्नुभयो र त्यो सहरको ठूलो प्रचारकलाई भेट्टाउनुभयो, उहाँलाई नाउँले बोलाउनुभयो र बताउनुभयो, यो भाइ साम सेल्भाराज हुनुहुन्छ। उहाँले स्वयंसेवक भएर अत्यन्तै राम्रो काम गरिरहनुभएको छ र म उहाँमा केही विशेष कुरा देख्छु। म भारतबाट जानुअघि विमानस्थलमा उहाँसँग केही समय बिताउन म चाहन्छु। उहाँ अत्यन्तै गरिब हुनुहुन्छ र भोलि बिहान विमानस्थलमा आउन कुनै उपयुक्त साधन छैन। तपाईंले उहाँलाई आफ्नो कारमा आफूसँगै ल्याउनुभएमा म अत्यन्तै खुसी हुनेथिएँ किनकि मलाई विमानस्थलमा छोड्न तपाईं आउनुहुनेछ। तर प्रचारक मसँग रिसाउनुभयो र मुख्य पाहुनालाई भन्नुभयो, यो मानिसलाई बोक्न मेरो कारमा स्थान छैन। उहाँलाई विमानस्थल आउन नभन्नुहोस्। मुख्य पाहुनाले उहाँलाई सोध्नुभयो, विमानस्थलमा तपाईंसँग अरू कोही मानिस आउनुहुन्छ ? उहाँले जवाफ दिनुभयो, मसँग कोही पनि आउनुहुन्न तर म यो गरिब मानिसलाई सहायता गर्न सक्दिनँ।

परमेश्वरको सेवक मुख्य पाहुना यी शब्दहरू सुनेर वास्तवमै आश्चर्यमा पर्नभयो। उहाँले मलाई बोलाउनुभयो र आफ्ना हात मेरो टाउकोमा राख्नुभयो र मलाई भौतिक कुराहरूले पनि आशिष् दिनुभएको होस् भन्दै आँसुको साथमा प्रार्थना गर्नुभयो। उहाँले मलाई अझै भन्नुभयो, मेरो भाइ साम, मैले आज सेवा गर्ने महान् परमेश्वरको अत्यन्तै नम्र सेवक तपाईं हुनुहुन्छ भनेर म जान्दछु। म तपाईं र तपाईंको सेवकाइमाथि समृद्धि घोषणा गर्दछु। मैले सेवा गर्ने परमेश्वरले अहिले नै स्वर्गका झ्यालहरू खोल्नुहुनेछ र तपाईंलाई धेरै कारहरू र भारतमा तपाईंको सेवकाइको निम्ति अन्य सम्पूर्ण भौतिक कुराहरूले आशिष् दिनुहुनेछ। तपाईंलाई विमानस्थलसम्म लैजान नचाहने त्यो भाइलाई तपाईंले घृणा गर्नुहुन्न, जब उहाँले भोलि बिहान् विमानस्थलमा यात्रा गर्नुहुन्छ।

यो अनुभवले मलाई पीडा दिएन। तर परमेश्वरका सेवकबाट उहाँका आशिष्मय वचनको निम्ति म परमेश्वरप्रति धन्यवादी भएँ। दिनहरू बित्दै गए। तर मलाई आफ्नो मनमा राखिरहन परमेश्वर अत्यन्तै विश्वासयोग्य हुनुभएको थियो। पछि, परमेश्वरले मलाई सवारीसाधनको साथै उहाँको सेवकाइको निम्ति आवश्यक सम्पूर्ण सामानहरूका साथमा आशिष् दिनुभयो। समयसँगै, हाम्रा आफ्नै सवारीसाधन प्रयोग गरेर सोही विमानस्थलबाट विभिन्न समयमा मलाई र मेरा सहकर्मीहरूलाई यात्रा गर्न उहाँले सक्षम बनाउनुभयो। हामीसँग कस्तो अचम्मको परमेश्वर हुनुहुन्छ ? सोही परमेश्वर अझै पनि जीवित हुनुहुन्छ। उहाँ हिजो, आज र सदासर्वदा एउटै हुनुहुन्छ।

मेरा प्रिय पाठकहरू, के तपाईंले असहज महसुस गर्नुहुन्छ किनकि अरूले तपाईंको शिरमा भएको अभिषेकलाई पहिचान गर्दैनन् ? तपाईंको वर्तमान तल्लो अवस्थालाई देखेर के तपाईं निरुत्साहित हुनुभएको छ ? के तपाईंका आफ्नै मानिसहरूले तपाईंलाई नजरअन्दाज गरेका छन् ? परमेश्वरले भन्नुहुन्छ, तिमीहरूको हृदय व्याकुल नहोस्... म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ। म तिमीहरूकहाँ आउनेछु (यूहन्ना १४:१, १८)। उहाँको इच्छाको केन्द्रबिन्दुमा जीवन जिउनुहोस्।

परमेश्वरले तपाईंलाई आशिष् देऊन्।

****

पृष्ठ ६ बाट

जब हामी समस्यामा हुन्छौं, परमेश्वरमा कहिलेकाहीं जाने र त्यसपछि समस्या सकिएपछि फेरि आफ्नो पुरानो तरिकामा फर्कने कुरामा हाम्रो सुरक्षा पाइँदैन । परमेश्वरसँग सम्बन्ध राख्नु महत्वपूर्ण छ र त्यस्तै समान महत्व मण्डली र पास्टर हुनु पनि हो ।

हामीलाई उहाँमा रहन बोलाइएको छ ।

परमेश्वरले हामीलाई उहाँको मण्डलीको उपहार पनि दिनुभएको छ - आत्मिक परिवार, जहाँ हामी बलियो हुन, उत्साह पाउन, सुधार गरिन, प्रार्थना गरिन र सहायता गरिन पनि सक्छौं ।

आजको संसारमा कहिलेकाहीं मण्डलीमा सहभागिता र आत्मिक जिम्मेवारीलाई पुरानो वा अनावश्यक भएको कुराको रूपमा व्यवहार गरिन सक्छ ।

तर परमेश्वरको योजना फरक छ ।

हामीलाई एकअर्काको आवश्यकता हुन्छ ।

बाइबलमा विश्वास गर्ने मण्डलीमा जरा गाडिनु र परमेश्वरलाई मन पर्दो आत्मिक नेतृत्व र पास्टरीय वास्ता हुनु महत्वपूर्ण हुन्छ । हामीसँगै प्रार्थना गर्ने, हामीलाई उत्साह दिने, हामीलाई परमेश्वरको सत्यता बताउने र आवश्यकताको समयमा हामी र हाम्रो परिवारसँग खडा हुने मानिसहरू हामीलाई आवश्यक छ ।

यो यात्रामा एक्लै हिँड्न हामीलाई कहिल्यै बनाइएको थिएन ।

शरणस्थान हुनुको अर्थ के हो ?

शरण नगरहरूबाट हामीले सिक्न सक्ने पाठहरूका बारेमा हामीले आफैंलाई सम्झना दिलाउँछौं ।

१. अनजानमा ज्यान लिएका मानिस सुरक्षाको स्थानमा भागेर जान सक्छ ।
२. त्यो कुरा उपयुक्त प्रकारले न्याय नगरिँदासम्म सहरले सुरक्षा प्रदान गर्दछ ।
३. रगतको प्रतिशोध लिनेहरू सहरमा प्रवेश गर्न र उक्त व्यक्तिको जीवन लिन सक्दैनन् ।
४. सुरक्षाको सीमा हुँछ । सो व्यक्ति सहरभित्र रहनुपर्छ ।
५. प्रधानपूजाहारीको मृत्यु नभएसम्म सुरक्षा रहन्छ ।
६. त्यो व्यक्तिको प्रार्थना के हुन सक्छ भनेर तपाईंले सोच्नुहुन्छ ? सायद प्रधानपूजाहारीको दीर्घायुको निम्ति प्रार्थना गर्छ ? उसले त्यो दिनको लागि चाहना गरेको हुनुपर्छ, जब उसले आफ्नो उत्तराधिकार गरेको स्थानमा अन्त्यमा फर्कन सक्छ ।

अनि विश्वासीहरू भएको रूपमा हाम्रो निम्ति यहाँ सुन्दर तस्वीर बन्छ ।

धन्यवादपूर्वक, हामी ५ वटा भौगोलिक सहरहरूमा सीमित छैनौं ।

हामीसँग अनन्त महान् कुरा छ ।

हामीसँग हाम्रो शरणस्थानको रूपमा प्रभु येशू ख्रीष्ट हुनुहुन्छ ।

हिब्रू ६:१८ ले भन्दछ

...हामी शरण लिनेहरूले हाम्रा सामु राखिदिएको आशा प्राप्त गर्ने ठूलो हौसला पाएका छौं ।

हामी शरणको निम्ति भागेका छौं - भौतिक सहरतिर होइन तर प्रभु येशू ख्रीष्टतिर ।

प्रभु येशू ख्रीष्टतिर ।

- विश्वासमा उहाँकहाँ आउने सबै जनाको निम्ति उहाँ शरणस्थान हुनुहुन्छ ।
- उहाँको प्रेम र निम्तो सबै मानिसहरूमा खुल्ला छ ।
- उहाँको सुरक्षा अस्थायी छैन किनभने हाम्रो महान् प्रधानपूजाहारी सदा जिउनुहुन्छ ।
- उहाँ हाम्रो किल्ला र बलियो धरहरा हुनुहुन्छ, शत्रुले हामीलाई छुन सक्दैन ।
- उहाँ हाम्रो कुनेढुङ्गो र हाम्रो दृढ जग हुनुहुन्छ - तँलाई छुनेले मेरो आँखाको नानीलाई छुन्छ, प्रभुले भन्नुहुन्छ ।
- जब हामीले उहाँमा आफ्नो भरोसा राख्छौं, हामीलाई कायम राख्न उहाँ सक्षम हुनुहुन्छ ।
- हामीले चाहनाले पाप गरे वा नगरे पनि परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ किनभने उहाँ हाम्रो निम्ति मर्नुभयो र उहाँको रगतले हामीलाई सम्पूर्ण पापबाट शुद्ध पार्छ र उहाँको अनुग्रह हाम्रो निम्ति पर्याप्त छ ।

हाम्रो परिस्थितिहरू कठिन छन् वा छैनन् भन्ने प्रश्न होइन ।

उहाँतिर दौड्नेचाहिँ हामीले गर्न आवश्यक कुरा हो किनभने उहाँमा हामीले शरणस्थान, शक्ति र सुरक्षा पाउँछौं ।

उहाँको उपस्थितिमा आउनुहोस् ।

प्रभु येशू ख्रीष्टले हामीलाई यो सुन्दर निम्तो दिनुहुन्छ:

मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ (यूहन्ना ६:३७) ।

कस्तो निम्तो ।

आज तपाईंले जस्तोसुकै अवस्थाको सामना गरिरहनुभए पनि, तपाईंले जस्तोसुकै लडाइँ लडिरहनुभएको पनि, तपाईं जस्तोसुकै भयले घेरिनुभए पनि, जस्तोसुकै अनिश्चित भुटको अघि भए पनि - यो कुरा याद राख्नुहोस्:

हामीसँग शरणस्थान छ ।

अस्थायी शरणस्थान होइन ।
सम्पत्तिमा निर्माण भएको शरणस्थान होइन ।
प्रशिद्धीमा निर्माण भएको शरणस्थान होइन ।
शिक्षामा निर्माण भएको शरणस्थान होइन ।
शक्तिमा निर्माण भएको शरणस्थान होइन ।
प्रतिभामा निर्माण भएको शरणस्थान होइन ।
मानिसको शक्तिमा निर्माण भएको शरणस्थान होइन ।
अनि निश्चय पनि भुटमा निर्माण भएको शरणस्थान होइन ।

हामीसँग प्रभु येशू ख्रीष्ट हुनुहुन्छ ।
उहाँ हाम्रो शरणस्थान हुनुहुन्छ ।
उहाँ हाम्रो किल्ला हुनुहुन्छ ।
उहाँ हाम्रो बलियो धरहरा हुनुहुन्छ ।
उहाँ हाम्रो कुनेढुङ्गो हुनुहुन्छ ।
उहाँ हाम्रो दृढ जग हुनुहुन्छ ।

अनि किनभने हाम्रो महान् प्रधानपूजाहारी सदासर्वदा जिउनुहुन्छ, हाम्रो शरणस्थान सदाको लागि छ ।

त्यसैले, प्रिय दाजुभाइ तथा दिदीबहिनी, उहाँतिर दौडौं । तपाईंको शरणस्थानको रूपमा प्रभु येशू ख्रीष्टलाई लिनुहोस् । उहाँमा पूर्णरूपमा भरोसा गर्नुहोस्, उहाँमा रहनुहोस् र उहाँमा नै रहिरहनुहोस् ।

अनि याद राख्नुहोस्:

उहाँ हाम्रो शरणस्थान हुनुहुन्छ ।

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

OUR BANK DETAILS:

1. Bank : State Bank of India

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

2. Bank : ICICI Bank

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

3. Bank : State Bank of India

(This Account is for Tax Exemption for Indians only)

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

OUR QR CODE:

ECHO OF HIS CALL

Google Pay: 98410 71858
PayPal : SAM SELVA RAJ

*****

E.mail : sam@echoofhiscall.org

ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

Echo of His Call is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps **(Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.)** to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

ECHO OF HIS CALL
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

YOU CAN SEND YOUR DONATION ONLINE ALSO

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th NOVEMBER 2026.

If un-delivered please return to:

ECHO OF HIS CALL (NEPALI)
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

JESUS LOVES YOU!

To

GOD BLESS YOU!

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**